कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी प्रेस नोट

यस विभागबाट मिति २०८२/०९/०४ गते काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरूको उत्पादन तथा बिक्री वितरण हुने स्थलहरूमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलका व्यवसायहरूको निरीक्षण अनुगमन तथा कारबाही गरिएको व्यहोरा सबैको जानकारीका लागि यो प्रेस नोट जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | पोखरेली लुम्बिनी तन्दुरी एण्ड रेष्टुरेन्ट, काठमाडौं म.न.पा.-२६, सामाखुसी | • सरसफाइ सामान्य रहेको<br>• फ्रिजरमा खाद्य वस्तुहरू नछोपी भण्डारण गरेको<br>• फोहोर फाल्ने dustbin नछोपी राखेको<br>• किचेनमा काम गर्ने कामदारको सरसफाइ सामान्य रहेको। | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने<br>• पकाउने खाद्य वस्तुहरूमा कृत्रिम खाद्य रङ्ग (Synthetic food color) प्रयोग नगर्ने निर्देशन दिएको। |
| २. | फ्रेस टप क्वालिटी मःम एण्ड फास्ट फुड सेन्टर, टोखा न.पा.-९, काठमाडौं | • सरसफाइ सामान्य रहेको<br>• फ्रिजरमा तयारी खाद्य वस्तुहरूको अव्यवस्थित भण्डारण गरेको तथा नछोपी राखेको<br>• Dustbin नछोपी राखेको<br>• कामदारहरूको व्यक्तिगत सरसफाइ सन्तोषजनक नरहेको<br>• किचेनमा खाना बनाउने र भाँडा सफा गर्ने ठाउँ सँगै रहेको<br>• किचेनको झ्यालमा जाली नरहेको। | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने<br>• तयारी खाद्य वस्तुहरूमा कृत्रिम खाद्य रङ्ग (Synthetic food color) प्रयोग नगर्ने निर्देशन दिएको। |
| ३. | मिराकल रेष्टुरेन्ट एण्ड क्याफे, टोखा न.पा.-९, काठमाडौं | • किचेनको सरसफाइ सामान्य रहेको<br>• पकाउने ठाउँ र भाँडा धुने ठाउँ सँगै रहेको<br>• खाद्य पदार्थको भण्डारण अव्यवस्थित रहेको<br>• किचेनमा कामदारहरूको व्यक्तिगत सरसफाइमा कमी देखिएको। | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने साथै खाद्य स्वच्छता कायम गर्ने निर्देशन दिएको। |
| ४. | मङ्का बिर्यानी प्रा. लि., टोखा न.पा.-९, काठमाडौं | • सरसफाइको अवस्था सामान्य रहेको<br>• फ्रिजरमा खाद्य वस्तुहरूको भण्डारण अव्यवस्थित रहेको<br>• फोहोर फाल्ने dustbin नछोपी राखेको | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने<br>• खाद्य स्वच्छता कायम गर्ने<br>• पकाउने खाद्य वस्तुहरुमा कृत्रिम खाद्य रङ्ग प्रयोग नगर्ने निर्देशन दिएको। |

| | | | |
|---|---|---|---|
| | | • किचेनमा रहेको झ्यालमा जाली नरहेको<br>• कामदारहरूको व्यक्तिगत सरसफाइ सामान्य रहेको। | |
| ५. | लड्डु गोपाल फुड्स प्रा. लि., काठमाडौं म.न.पा.-१६, नयाँ वजार | • सरसफाइको अवस्था सन्तोषजनक रहेको<br>• किचेनमा रहेको फोहोर फाल्ने dustbin नछोपी राखेको<br>• फ्रिजरमा खाद्य वस्तुहरूको अव्यवस्थित भण्डारण गरेको<br>• Pest control को व्यवस्था नभएको<br>• खाद्य अनुमतिपत्र नरहेको। | • उल्लेखित सम्पूर्ण कैफियतहरू सुधार गर्ने र ३ दिन भित्र विभागमा उपस्थित भई खाद्य अनुमतिपत्रको लागि आवेदन दिई प्रमाण पेश गर्ने निर्देशन दिएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः ५ वटा खाद्य व्यवसाय** | | | |

Bharma

डा. बाल कुमारी शर्मा
प्रवक्ता
२०८२/०९/११

## अनुगमनका केही झलकहरू




